नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मिति २०८०/१०/०२ को (मा. मन्त्रीस्तर निर्णय) ले स्वीकृत कार्यविधि

# कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने व्यक्तिलाई अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना: पशुहरुमा नश्ल सुधारका लागि गरिने कृत्रिम गर्भाधान कार्यको गुणस्तर सुनिश्चित गर्दै पशुको स्वास्थ्य संरक्षण र उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधानकर्ताको दर्ता, अभिलेखीकरण एवम् नियमन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने व्यक्तिलाई अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) "अनुमतिपत्र" भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा (३) बमोजिम प्राप्त कृत्रिम गर्भाधान अनुमतिपत्र सम्झनु पर्छ।

(२) "कार्यालय" भन्नाले पशु सेवा विभाग मातहतका राष्ट्रिय पशु प्रजनन् कार्यालय सम्झनु पर्छ।

(३) "कृत्रिम गर्भाधान" भन्नाले प्रशोधित वा अप्रशोधित वीर्य प्रयोग गरी पशुलाई गर्भाधारण गराउने कार्य सम्झनु पर्छ।

(४) "कृत्रिम गर्भाधानकर्ता" भन्नाले अनुमतिपत्र प्राप्त गरी कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

(५) "कृत्रिम गर्भाधान तालिम" भन्नाले तालिम केन्द्रबाट वा सो को संयोजनमा सरकारी वा गैह्र सरकारी निकायबाट सञ्चालित कृत्रिम गर्भाधान सम्बन्धी तालिम सम्झनु पर्छ।

(६) "तालिम केन्द्र" भन्नाले संघ वा प्रदेश सरकार अन्तर्गत रहेका पशु सेवासँग सम्बन्धित तालिम प्रदान गर्ने निकायलाई सम्झनु पर्छ।

(७) "निर्देशनालय" भन्नाले प्रदेश सरकार मातहतको पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(८) “पशु” भन्नाले पोथी जातका गाई, भैंसी, बाख्रा, भेडा र बंगुर सम्झनु पर्छ।

(९) “विभाग” भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ।

(१०) “विज्ञ केन्द्र” भन्नाले प्रदेश सरकारको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा जिल्लामा सो कार्य गर्ने निकाय सम्झनु पर्छ।

(११) “सुपरिवेक्षक” भन्नाले सरकारी सेवामा कार्यरत कृत्रिम गर्भाधान अनुमतिपत्र प्राप्त गरेको कम्तिमा अधिकृतस्तरको प्राविधिक सम्झनु पर्छ।

३. कृत्रिम गर्भाधानकर्ताको न्यूनतम योग्यता सम्बन्धी व्यवस्थाः अनुमतिपत्रका लागि देहाय बमोजिम योग्यता भएका व्यक्तिहरूले आवेदन दिन सक्नेछन्ः-

(१) मान्यता प्राप्त शिक्षण संस्थाहरूबाट पशु विज्ञान विषयमा न्यूनतम जे.टि.ए. (जुनियर टेक्निकल असिस्टेण्ट) वा सो सरहको तालिम प्राप्त गरी तालिम केन्द्रबाट कृत्रिम गर्भाधान तालिम प्राप्त वा,

(२) पशु विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा पशु विज्ञान विषयमा दश जोड दुई उत्तीर्ण गरी कृत्रिम गर्भाधान तालिम प्राप्त गरेको।

(३) यो कार्यविधि जारी हुनु पूर्व पशु सेवासँग सम्बन्धित निजामती सेवामा रही कृत्रिम गर्भाधान कार्यमा अनुभव प्राप्त बहालवाला वा निवृत्त कर्मचारीको हकमा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तिर्ण गरेको र प्रजनन् कार्यालयबाट तोकिए अनुसारको सीप परीक्षा उत्तिर्ण गरेको व्यक्ति वा,

(४) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा बि.भि.एस्सी. एण्ड ए.एच. वा पशु विज्ञान विषयमा स्नातक तह उत्तिर्ण गरेको।

४. अनुमतिपत्र सम्बन्धी व्यवस्थाः (१) अनुमतिपत्र बिना कसैले पनि पशुहरूमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गर्न पाइने छैन।

(२) दफा ३ बमोजिमको योग्यता पुगेका व्यक्तिहरूले अनुमतिपत्र प्राप्त गर्न अनुसूची -१ बमोजिमको फारम भरी तोकिएका कागजातको प्रतिलिपी संलग्न राखी सम्बन्धित कार्यालयमा आवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम रितपूर्वक प्राप्त आवेदनमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी कृत्रिम गर्भाधान गर्न पाउने पशुको प्रजाति खोली अनुसूची-२ बमोजिमको ढाँचामा प्रदेश, जिल्ला र स्थानीय तह समेत खुल्ने अनुमति पत्र नम्बर सहितको अनुमतिपत्र उपलब्ध गराई सो को अभिलेख अनुसूची-३ बमोजिम राख्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो को जानकारी आफुले कृत्रिम गर्भाधान कार्य सञ्चालन गर्ने स्थानीय तह र विज्ञ केन्द्रमा अनुमतिपत्रको प्रतिलिपी र नागरिकताको प्रतिलिपी सहित लिखित जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएमा स्थानीय तह र विज्ञ केन्द्रले अनुसूची-४ बमोजिम अभिलेख राख्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिम जारी भएको अनुमतिपत्रको मान्य अवधि दुई वर्षको हुनेछ।

५. <u>अनुमतिपत्र नवीकरण सम्बन्धी व्यवस्थाः</u> (१) दफा ४ को उपदफा (६) बमोजिम अनुमतिपत्रको म्याद समाप्त भएको अवस्थामा सम्बन्धित कृत्रिम गर्भाधानकर्ताले अनुमतिपत्र नवीकरणका लागि विज्ञ केन्द्रमा अनुसूची-५ बमोजिम निवेदन दिनुपर्नेछ।

(२) विज्ञ केन्द्रले उपदफा (१) बमोजिम निवेदन प्राप्त गरेमा निवेदकले सो अवधिमा गरेको कृत्रिम गर्भाधान कार्यको अभिलेख समेतको जाँचबुझ गरी स्थानीय तहको सिफारिसमा दुई वर्षको लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरण गरिएको अनुमतिपत्रको म्याद समाप्त भएमा सोही उपदफा बमोजिम नै पुनः नवीकरण गर्न सकिनेछ।

(४) विज्ञ केन्द्रले उपदफा (२) र (३) बमोजिम नवीकरण गरेको विषयमा सम्बन्धित स्थानीय तह र कार्यालयलाई आवधिक रुपमा जानकारी गराउनु पर्नेछ।

६. <u>कृत्रिम गर्भाधानकर्ताको काम र कर्तव्यः</u> कृत्रिम गर्भाधानकर्ताको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(१) दफा ५ बमोजिम प्राप्त अनुमतिपत्रमा तोकिएका पशु प्रजातिमा कृत्रिम गर्भाधान कार्य गर्ने,

(२) खण्ड (क) बमोजिम कृत्रिम गर्भाधान कार्य गर्दा अपनाउनुपर्ने विधिहरुको पूर्ण पालना गर्दै कृत्रिम गर्भाधानको क्रममा पोथी प्रजनन्का अङ्गहरुको शारीरिक बनावटमा असर नपर्ने गरी गर्ने,

(३) कृत्रिम गर्भाधान कार्यमा प्रयोग गरिने जमेको वीर्य सहितको स्ट्रलाई तरल नाइट्रोजनमा उचित तरिकाले सुरक्षित रुपमा भण्डारण गर्ने,

(४) विज्ञ केन्द्र र स्थानीय तहमा अनुसूची-६ अनुसारको ढाँचामा कृत्रिम गर्भाधानको मासिक विवरण तयार गरी अनिवार्य रुपमा पठाउने,

(५) कार्यालयबाट समय समयमा जारी हुने सूचनाको अनिवार्य रुपमा अनुशरण गर्ने,

(६) पशुको नश्ल सुधारका लागि विभाग, कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहले तोके बमोजिमका अन्य कार्य गर्ने।

७. <u>कृत्रिम गर्भाधान अनुमतिपत्र खारेज गर्न सक्ने:</u> (१) दफा (५) र दफा (६) अनुसारका कार्य नगर्ने वा झुट्टा विवरण पेश गरेका कृत्रिम गर्भाधानकर्ताको अनुमतिपत्र विज्ञ केन्द्रको सिफारिस अनुसार कार्यालयले खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गरिएको विषयमा कार्यालयले सम्बन्धित विज्ञ केन्द्र र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

(३) अनुमतिपत्र रद्द भएका कृत्रिम गर्भाधानकर्तालाई कार्यालयले तरल नाईट्रोजन, जमेको वीर्य तथा अन्य कृत्रिम गर्भाधानसँग आवश्यक सामग्री उपलब्ध गराउने छैन।

८. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम जारी भएका अनुमतिपत्र प्राप्त व्यक्तिहरुले सम्पादन गरेको कार्यको विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय, कार्यालय, विज्ञ केन्द्र र सम्बन्धित स्थानीय तहले अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्पादन गरेको कार्यमा सुधार गर्नुपर्ने प्रतिवेदन प्राप्त भएको खण्डमा सम्बन्धित निकायले सो को जानकारी विज्ञ केन्द्रलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएमा विज्ञ केन्द्रले सम्बन्धित कृत्रिम गर्भाधानकर्ताको लागि सुपरीवेक्षक तोकी निजको सुपरिवेक्षणमा मात्र कृत्रिम गर्भाधान कार्य गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन सम्बन्धमा विज्ञ केन्द्रले सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनुपर्नेछ।

९. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः मन्त्रालयलले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधानकर्ता अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा</u>

मिति............................

विषयः कृत्रिम गर्भाधान अनुमतिपत्र सम्बन्धमा।

श्रीमान् कार्यालय प्रमुखज्यू,

.................................।

प्रस्तुत विषयमा म............................................ले................................................. बाट..................................... अध्ययन पुरा गरिसकेको र............................ बाट कृत्रिम गर्भाधान हप्ता☐ दिन☐ तालिम लिएको र (गाई/भैंसी/बाख्रा/भेडा/बङ्गुर) मा कृत्रिम गर्भाधान गर्न अनुमतिपत्र प्राप्त गर्नको लागि संलग्न कागजातहरु सहित निवेदन पेश गरेको छु।

निवेदक

.....................................

नामः

ठेगानाः

मोवाइल नं.

<u>संलग्न कागजातहरुः</u>

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३) कृत्रिम गर्भाधान तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी

४) पासपोर्ट र अटो साइजको फोटोहरू २।२ प्रति

५) अन्य सम्बन्धित कागजातहरूको प्रतिलिपी

अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधान अनुमतिपत्रको ढाँचा</u>

नेपाल सरकारको निशान छाप

फोन नं.

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

...............कार्यालय

कृत्रिम गर्भाधानकर्ता अनुमतिपत्र

फोटो

(दुबै कान देखिने)

अनुमति पत्र नंः

क.सं.....................

नामथरः...................................

ठेगानाः.................... प्रदेशः.................. जिल्लाः............... स्थानीय तहः.................

वडा नंः......... गाउँ/टोलः...............

नागरिकता नः............................

कृत्रिम गर्भाधानका लागि अनुमति प्रदान गरिएको पशु प्रजातिः (गाई ☐/ भैँसी ☐/बाख्रा ☐ /भेडा☐/बङ्गुर ☐)

कार्यरत संस्थाः ............................

जारी मितिः .....................................

म्याद कायम रहने अवधिः मिति (वि.सं)............

................................ ................................

अनुमति पत्र प्राप्त गर्ने व्यक्ति | अनुमति पत्र दिने अधिकारी

अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधान अनुमतिपत्र अभिलेख रजिस्टरको ढाँचा</u>

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशु प्रजनन् कार्यालय

कृत्रिम गर्भाधान अनुमति पत्र अभिलेख रजिस्टर

| क्र. सं | कृत्रिम गर्भाधान कर्ताको नाम, ठेगाना र संपर्क नं. | नागरिकता नं. | अनुमति पत्र | | | | | फोटो | विज्ञ केन्द्रबाट नवीकरण गरेको जानकारी प्राप्त भएमा नवीकरण लागु हुने अवधि | अभिलेख राख्नेको दस्तखत | प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमति पत्र नम्बर | जारी मिति | समाप्त मिति | प्रयोजन | जारी गर्ने अधिकारी | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-४

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधान अनुमतिपत्र अभिलेख रजिस्टरको ढाँचा</u>

प्रदेश सरकार

......................मन्त्रालय

..................................

................... विज्ञ केन्द्र/...............पालिका

कृत्रिम गर्भाधान अनुमतिपत्र अभिलेख रजिस्टर

| क.सं | कृत्रिम गर्भाधानकर्ताको नाम, ठेगाना र संपर्क नं. | नागरिकता नं. | अनुमति पत्र | | | | | फोटो | नवीकरण गरिए को अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नम्बर | जारी मिति | समाप्त मिति | प्रयोजन | जारी गर्ने अधिकारी | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-५

(दफा ५ उपदफा (१) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधान अनुमतिपत्रको नवीकरणका लागि दिइने निवेदनको ढाँचा</u>

मितिः............................

श्रीमान् कार्यालय प्रमुखज्यू,

..................................।

विषयः कृत्रिम गर्भाधान अनुमतिपत्र नविकरण सम्बन्धमा।

म कृत्रिम गर्भाधानकर्ता...............................ले............................कार्यालयबाट मिति .......................... मा कृत्रिम गर्भाधान अनुमतिपत्र नं...... को कृत्रिम गर्भाधान अनुमतिपत्र प्राप्त गरेको र अनुमति पत्रको म्याद मिति..................मा समाप्त भएकोले आवश्यक कागजात यसैसाथ संलग्न राखी कृत्रिम गर्भाधान अनुमतिपत्र नविकरण गरीदिनहुन अनुरोध गर्दछु।

निवेदक

.......................................

<u>संलग्न कागजातहरुः</u>

१) कृत्रिम गर्भाधान अनुमतिपत्रको सक्कल प्रति

२) नागरिकताको प्रतिलिपी

३) स्थानीय तहको सिफारिस

अनुसूची-६

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

<u>कृत्रिम गर्भाधानको प्रगति फारमको ढाँचा</u>

कृत्रिम गर्भाधानको मासिक विवरण

प्राविधिकको नामः.............................. ठेगानाः जिल्ला.................स्थानीय तहः............

वडा नंः.........सम्पर्क नम्बरः......................मितिः साल............महिना..............गते......

| क्र.सं | पशु धनिको | | | कृ.ग. गरेको पशुको | | | कृ.ग. मिति | वीर्य विवरण (Straw Identification number) |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | मोबाईल नं | प्रजाती र जात | संकेत नं. | बेत | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |